लेखापरीक्षण प्रतिवेदन

शिवनाथ गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

शिवनाथ गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/376

श्रीमान् अध्यक्षज्यू,
शिवनाथ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बैतडी।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/376

ख

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बैतडी ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस **गाउँपालिकाको** आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आयब्यय तर्फ रु.९० करोड ९२ लाख ५० हजारको लेखापरीक्षणबाट रु.३२ लाख २७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२१ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.१६ लाख ४६ हजार, नियमित गर्नुपर्ने रू.१४ लाख ६० हजार, र पेश्की बाँकी रु.१ लाख गरी जम्मा रू.३२ लाख ६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१४ करोड ७२ लाख ६४ हजार मध्ये रु.३ करोड २१ लाख ७४ हजार फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.११ करोड ८२ लाख ९६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण

सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्वेश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु					
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने				पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५६	१६	३२,२६,९२९	०	२	२१,२९९	०	५६	१४	३२,०५,६३०	१६,४५,५०६	१४,६०,१२४	०	०	०	१४,६०,१२४	१,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	१४,७२,६३,९६३	०	३,२१,७३,८७५	११,५०,९०,०८८	०	३२,०५,६३०	११,८२,९५,७१८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	६६	बढी भूक्तानी	११,०४९
२	२०८१/८२	६५	कर कट्टी नभएको	१०,२५०
जम्मा				**२१,२९९**
गत विगत वर्षको सम्परीक्षण				
१	२०८०/८१	६८	सव कन्ट्याक्टर तथा हेभि ईक्विपमेण्टको प्रयोग	३८,७८,७८१

२	२०८०/८१	६९.२	सम्परीक्षण	३२,३००
३	२०८०/८१	५८	सम्झौताको कार्यान्वयन	५,५६,०६८
४	२०८०/८१	९३	म्याद नाघेको पेश्की	३,४०,०००
५	२०८०/८१	४३	मृतकको खातामा भत्ता निकासा	७,३३३
६	२०८०/८१	६७	बढि भुक्तानी	६,४८०
७	२०८०/८१	१६	फरक बजेट खर्च शिर्षक	२०,६६,०००
८	२०८०/८१	७१	प्रमाण नपुगेका निर्माण कार्य	६४,४७८
९	२०८०/८१	३७	जे सि वि भाडा	१७,५००
१०	२०८०/८१	५४	कृषि विषादी तथा सामाग्री व्यवस्थापन	३२,५२०
११	२०८०/८१	७४	आन्तरिक लेखापरीक्षण	२३,९००
१२	२०८०/८१	२७	अमानतबाट कार्य	७,८६,२२०
१३	२०७९/८०	३४	पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –	१२,५६,१३०
१४	२०७९/८०	४४	नाफामूलक संस्थालाई अनुदान –	३,९१,२११
१५	२०७९/८०	२६	कर दस्तुर एवं आन्तरिक आय	८२,८००
१६	२०७८/७९	८६	शिक्षकको तलब भत्ता	१,७५,३६,७१०
१७	२०७८/७९	६९	परामर्श सेवाको लागत अनुमान	४,९६,४९९
१८	२०७८/७९	३६	किसान सुचिकरण -	३,००,०००
१९	२०७८/७९	८३	अन्य संस्थालाई अनुदान	२,४४,०००
२०	२०७७/७८	३३	लागत अनुमान सम्झौता वेगरको काम	७,२३,१३२
२१	२०७७/७८	५१	भुक्तानी बाँकीको प्रमाणित विवरण बेगरको भुक्तानी	१,८१,२१२
२२	२०७७/७८	८३	प्रदेश चालु	४,९५,४५०
२३	२०७७/७८	२९	धरौटी कट्टा नगरेको	१,२०,२८४
२४	२०७७/७८	72	५७७।२०७८।०३।२९	३८,८५०
२५	२०७७/७८	६२	४९८।२०७८।०३।२२	४,९९,९१२
२६	२०७७/७८	७४	३४६।२०७८।०३।२३	५,००,०००

२७	२०७७/७८	८४	३।२०७८।०३।२३	४,६८,१०५
२८	२०७७/७८	७०	१२२।२०७७।१२।१६	४,००,०००
२९	२०७७/७८	४६, ४७ र ८५	.	६,२८,०००
जम्मा				**३,२१,७३,८७५**
कूल जम्मा				**३,२१,९५,१७४**

शिवनाथ गाउँपालिका, बैतडी

(८०७७४५०४३००)

शिवनाथ गाउँपालिका , बैतडी

परिचय

१ **परीचय**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।४।३१ देखि २०८२ । ५।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय – व्ययतर्फ रु.९० करोड ९२ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१२३०८९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	३ वटा विद्यालय पाठ्य पुस्तक वापत बढी भएको रकम असुल गरि दाखिला गरेको प्रमाण पेश भएको छ।	३५०३३
२	१ वटा विद्यालयलाइ दिवा खाजा वापत बढी भएको रकम दाखिला गरेको प्रमाण पेश भएको छ।	८४०५६
३	स्टेशनरीलाई बढी भूक्तानी भएको रकम दाखिला गरेको प्रमाण पेश भएको छ।	४०००
	जम्मा	१२३०८९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालुआ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,३१,५३,८८५.५०	०	७,३१,५३,८८५.५०	६,५५,७६,३२७.५०	०	६,५५,७६,३२७.५०
१३०००	अनुदान		२३,०६,०१,१९४.८७	०	२३,०६,०१,१९४.८७	२३,१८,६२,०९४.९८	०	२३,१८,६२,०९४.९८
१४०००	अन्यराजस्व		५२,४६,०९६.७०	०	५२,४६,०९६.७०	३३,३०,८५२.१७	०	३३,३०,८५२.१७
१५०००	विविधप्राप्ति		८६,८३०.००	०	८६,८३०.००	१,३२,७२०.००	०	१,३२,७२०.००
क	**कुलजम्मा प्राप्ति**		३०,९०,८८,००७.०७		३०,९०,८८,००७.०७	३०,०९,०१,९९४.६५		३०,०९,०१,९९४.६५
३	चालु		२४,१४,३३,०२०.४३	०	२४,१४,३३,०२०.४३	२१,६१,६४,०६४.२८	०	२१,६१,६४,०६४.२८
२१०००	पारिश्रमिक / सुविधा		१४,९६,२३,०४८.४३	०	१४,९६,२३,०४८.४३	१०,३८,३२,२९९.१०	०	१०,३८,३२,२९९.१०
२२०००	मालसामानतथा सेवाको उपयोग		८,८५,९१,५९७.००	०	८,८५,९१,५९७.००	१०,८०,८४,५६५.१८	०	१०,८०,८४,५६५.१८
२५०००	सहायता (Subsidy)		२,२०,०००.००	०	२,२०,०००.००	०	०	०
२७०००	सामाजिकसुरक्षा		१३,८१,७७५.००	०	१३,८१,७७५.००	२५,१८,०००.००	०	२५,१८,०००.००
२८०००	अन्यखर्च		१६,१६,६००.००	०	१६,१६,६००.००	१७,२९,२००.००	०	१७,२९,२००.००
४	पूंजीगत		६,८९,६४,८६६.००	०	६,८९,६४,८६६.००	९,९६,२१,६०५.००	०	९,९६,२१,६०५.००
३१११०	भवनतथा संरचना		५१,१७,८८८.००	०	५१,१७,८८८.००	१,१६,८९,३७९.००	०	१,१६,८९,३७९.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,४०,४०६.००	०	१,४०,४०६.००	७,५४,७८२.००	०	७,५४,७८२.००
३११३०	अन्यपूँजीगत खर्च		५७,७१,९९३.००	०	५७,७१,९९३.००	२,०८,४१,०७४.००	०	२,०८,४१,०७४.००
३११४०	सुरक्षाउपकरण		१,८०,०००.००	०	१,८०,०००.००	०	०	०
३११५०	सार्वजनिकनिर्माण		५,६१,४२,६७९.००	०	५,६१,४२,६७९.००	६,४५,५३,७२३.००	०	६,४५,५३,७२३.००
३११७०	पूँजीगतसुधार खर्च		१६,११,९००.००	०	१६,११,९००.००	१७,८२,६४७.००	०	१७,८२,६४७.००
ख)	**कुलजम्मा भुक्तानी**		३१,०३,९७,८८६.४३		३१,०३,९७,८८६.४३	३१,५७,८५,६६९.२८		३१,५७,८५,६६९.२८
ग)	**बचत /कमी (ग = क-ख)**		(१३,०९,८७९.३६)		(१३,०९,८७९.३६)	(१,४८,८३,६७४.६३)		(१,४८,८३,६७४.६३)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट** (+/-)		२३,३४,५२८.८३		२३,३४,५२८.८३	३८,६८,०५५.९८		३८,६८,०५५.९८

घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**							
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		१०,२४,६४९.४७		१०,२४,६४९.४७	(१,१०,१५,६१८.६५)		(१,१०,१५,६१८.६५)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		१,९६,१९,७८९.९५		१,९६,१९,७८९.९५	३,०६,३५,४०८.६०		३,०६,३५,४०८.६०
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन							
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		२,०६,४४,४३९.४२		२,०६,४४,४३९.४२	१,९६,१९,७८९.९५		१,९६,१९,७८९.९५

३ एकिकृत आर्थिक विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		**१९६१९७८९.९५**	**चालु खर्च**		**२४१४३३०२०.४३**
१.संचितकोष	११४९१०६५.१३		१. पालिका तर्फ	१०१२५११०९०.५६	
२.धरौटी	४७९३८१०.००		२.संघीय सशर्त	१३५९४१७७९.८७	
३.कार्यसञ्चालन कोष	३३३४९१४.८२		३.संघीय विशेष	०.००	
४. अन्य कोष			४.प्रदेशसशर्त	१२४३५०.००	
यस वर्षको आय			५.प्रदेश विशेष	४११५८००.००	
१.आन्तरिक आय	६२९९०००.९५	**६२९९०००.९५**	**पुँजीगत खर्च**		**६८९६४८६६.००**
२. वित्तीय हस्तान्तरण (संघ)		**२८०७५१८८८.००**	१.पालिका तर्फ	५६२३८३६१.००	
क) समानीकरण अनुदान	७१२०५७६०.००		२.संघीय सशर्त	८०१५७५.००	
ख) राजस्व बाँडफाँट	७१०२६३३२.१३		३.संघीय विशेष	०.००	
ग) सशर्त अनुदान	१३६७४३३५४.८७		४.संघीय समपुरक	१७७६४४१.००	
घ) समपुरक अनुदान	१७७६४४१.००		५.प्रदेशसशर्त	५८८००९५.००	
ङ) विशेष अनुदान	०.००		६.प्रदेश विशेष	०.००	
च) रोयल्टी	०.००		७.प्रदेश समपुरक	४२६८३९४.००	
छ) अन्य	०.००		**अन्तर सरकारी अख्तियारी (संघ)**		**१२८१९८७७७.०४**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		**२२०३७११८.१२**	क) सामाजिक सुरक्षा	७८२१३२१८.०४	
क) समानीकरण अनुदान	६४८७०००.००		ख) घरेलुतथा साना उद्योग प्रवर्द्धन	३९३६९५५.००	
ख) राजस्व बाँडफाँट	११६१४७९.१२		ग)विद्यालय शिक्षा क्षेत्र योजना	३५४०००.००	
ग) सशर्त अनुदान	६००४४४५.००		घ)उच्च पहाडी तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण	४००००००.००	
घ) समपुरक अनुदान	४२६८३९४.००		ङ)एकिकृतस्वास्थ्य पूर्वाधार कार्यक्रम	४१६९४६०४.००	
ङ) विशेष अनुदान	४११५८००.००		**धरौटी फिर्ता तथा सदर स्याहा**	१६४६१०६.००	**१६४६१०६.००**
च) रोयल्टी	०.००		**कार्यसञ्चालन कोषबाट भएको खर्च**		**१३८७०११५.००**

छ) अन्य	०.००		क) प्रकोप व्यवस्थापन कोष	२८१०२४८.००	
४.अन्तर सरकारी अख्तियारी (संघ)		**१२८१९८७७७.०४**	ख)विवध खर्च खाता	११०५९८६७.००	
क) सामाजिक सुरक्षा	७८२१३२१८.०४		**अन्य कोषबाट भएको खर्च**		
ख)घरेलु तथा साना उद्योग प्रवर्द्धन	३९३६९५५.००		**अनुदान फिर्ता**		
ग)विद्यालय शिक्षा क्षेत्र योजना	३५४०००.००		१.संघ तर्फ		
घ) उच्च पहाडी तथा हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण	४००००००.००		क) सशर्त अनुदान		
ङ)एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	४१६९४६०४.००		ख) विशेष अनुदान		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००		ग) समपुरक अनुदान		
६. ऋण/वित्तीय व्यवस्था	०.००		२.प्रदेश तर्फ		
७. धरौटी आय	३५६०४४४.००	**३५६०४४४.००**	क) सशर्त अनुदान		
८.कार्यसञ्चालन कोष आय		**१४२९०३०५.८३**	ख) विशेष अनुदान		
क) प्रकोप व्यवस्थापन कोष	१८०००००.००		ग) समपुरक अनुदान		
ख) विवध खर्च खाता	१२४९०३०५.८३		**अन्तिम मौज्दात**		**२०६४४४३९.४२**
९.अन्यसहयोगमा प्राप्त सञ्चालित योजना	०.००		१. संचित कोषकोमौज्दात	१०१८११८५.७७	
१०. अन्यआयभएमा	०.००		२. धरौटी	६७०८१४८.००	
			३. कार्यसञ्चालनकोष		
			क) प्रकोप व्यवस्थापन कोष	८६६९९७.५९	
			ख) विविध खर्च खाता	२८८८१०८.०६	
जम्मा	**४७४७५७३२३.८९**	**४७४७५७३२३.८९**	**जम्मा**	**४७४७५७३२३.८९**	**४७४७५७३२३.८९**

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७८२१३२१८.०४, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४१६९४६०४,घरेलु तथा साना उद्योग

पर्वर्धन रु.३९३६९५५,विद्यालय शिक्षा क्षेत्र योजनामा रु. ३५४००० र उच्च पहाडी तथा हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक शशक्तिकरणमा रु. ४०००००० समेत गरी रु. १२८१९८७७७.०४ सुत्रमा लेखाङ्कन गरेको छैन ।

५ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्थाछ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तोकार्यविधि तयार गरेको देखिएन।
- वडा कार्यालयमारहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेकोदेखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो गरेको देखिएन।
- स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम चौथो त्रैमासिकमा खर्च गरेको देखियो।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रीय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको विवरण तयार गरीसम्बन्धित निकायमा पेश गरेकोदेखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेकोदेखिएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा उपभोक्ता समितिहरु मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर पालिकामा गठन भएका उपभोक्ता समितिहरु सो ऐन बमोजिम दर्ता गेरेको देखिएन।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२, ९३ र ९४ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्बन्धमा भण्डार प्रमुख, कार्यालय प्रमुख तथा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाएको छ। कार्यालयमा २०८१ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण अद्यावधिक गर्नुपर्नेमा त्यस्तो मौज्दा विवरण तयार गरेको देखिएन।
- बेरुजु लगतः म. ले. प. फाराम ८०१- बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको देखिएन।

८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६४८७६०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६४६२००० अर्थात अनुमान भन्दा ०.३९ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडाको लागि वडागत ९५ र पालिकास्तरका कुल ५२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	८४	७	२५	५२
२	वडास्तरीय	९६		१	९५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १०

करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६८९६४८६६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
				बजेटको तुलनामा
१	आर्थिक विकास	२५१६६०००	२०८६६३६०.१९	६.७६
२	पूर्वाधार विकास	४६६७०७५६	३९१७०१३८	१२.६९
३	सामाजिक विकास	१७५०९१५००	१५०१७४६४५.६८	४८.६६
४	सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	११९७००००	१०२५६४६९	३.३२
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०४२६९०००	८८१५३८३२.५	२८.५७
जम्मा		३६२३६७२५६	३०८६२१४४५	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४८.६६ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा मा सबै भन्दा घटीमा ३.३२ प्रतिशत रहेको छ ।

१३ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
२	पूँजिगत खर्चतर्फ	६८९६४८६६.००	५४५७५१	७४३१६७	१४८००२१७	५२८७५७३१	३६०७०८४५
	प्रतिशत		**०.७९**	**१.०**	**२१.४६**	**७६.६८**	**५२.३०**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ६८९६४८६६निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५४५७५१ (**०.७९** प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ७४३१६७ (**१.०**प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १४८००२१७ (**२१.४६** प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३६०७०८४५ (**५२.३०** प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको

परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी २९ वटा योजना तथा कार्यहरुको रु.४६७१२७०.२० भुक्तानी दिएको छ।यसरि गत बर्षको भूक्तानी दिन बांकी रहने अवस्थाले यो आर्थिक बर्षमा विकास निर्माण र समग्र बजेट व्यवस्थामा स्रोतको कमि हुन गइ प्रतिकुल असर पर्दछ।बजेट सुनिश्चितता नभइ योजना तथा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिएन ।यसमा सुधार हुनुपर्दछ।

१६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ८० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, **५**वटा नियमावली ४० वटा कार्यविधि ६ वटा निर्देशिका ५ वटा विधेक लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् ।

१७ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	१० शैया अस्पताल	के एस मित्र जेभी	२०७८/०१/२०	२०८२/०७/२०	४,७४,६०,०००.०	७४ प्रतिशत
२	सुल्लेखान शर्माली नगर्जुनघाट सडक	बोगटी एण्ड ब्रदर्श कन्स्ट्रक्सन	२०८१/१०/०८	२०८२/०३/१०	३५,७४,०००.००	७० प्रतिशत

१८ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला भएको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ११ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । आवश्यकताको आधारमा दरवन्दी तथा पदपूर्ति व्यवस्थापन हुनुपर्दछ।

२० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १२ गरी कुल १५ विवाद दर्ता भएकोमा ११ वटा मात्र फर्स्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ।तर नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य नगरेकोले जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२४ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ८२ जनालाई औसत १०० दिनले ६००० दिन रोजगारी उपलव्ध गराई रु.५३१८१८६।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना

छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२५ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१६४४५६०८।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्नु उपयुक्त देखिएन ।

२६ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८२/०३/०८ गते आर.के. फाईन आर्ट एण्ड ह्याण्डिक्राफ्ट लाइ जय सिह महता स्मृति कार्यक्रमका लागी रु.१००००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म फस्यौंट नभएकोले समयमै पेश्की फर्छौट गर्नुपर्दछ।

पेश्की	१,००,०००

२७ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तैः गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापीकिताबमा प्रविष्टी गर्नु पर्दछ।

क्र=स=	कन्टिन्जेन्सीको विवरण	खर्च रकम
1.	प्राविधिक फिल्ड भत्ता	८०००००
2.	योजना किताव खरिद	३०००००
3.	विविध	२८३३८९
	जम्मा	१३८३३८९

२८ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिका सदस्यलाई मासिक सुविधा सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले यस वर्ष पदाधिकारीहरुलाई मासिक सुविधा अन्तर्गत रू.६६३७५०० भुक्तानी गरेको छ जुन आन्तरिक आयको १०५.३७ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई ध्यानमा राखि पदाधिकारी सुविधा भुक्तानी गर्नुपर्दछ ।

२९ आर्थिक सहायता

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आर्थिक सहायता जस्ता वितरणमुखी खर्चमा न्युनीकरण गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष बाढी पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोप तथा सडक निर्माणका क्रममा भएको क्षतिका लागि रु २००० देखि रु ४०००० सम्मका दरले ३४६ जनालाई आर्थिक सहायता वितरणमा रु. २२९८००० खर्च भएको छ। यस्ता खर्चलाई आन्तरिक आयसँग समेत आवद्ध गरी न्युनीकरण गर्नुपर्दछ ।

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.२२४६०२५।०० खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु.६२९९००० को ३५.६५ प्रतिशत हुन आउँछ । यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनुपर्दछ ।

३१ **पदाधिकारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारीको बैठक भत्ता वापत रू.८३७००० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारीलाई उपलव्ध गराइने सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

३२ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३तथा दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यो बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाई सराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

विवरण	**जम्मा**
जन्मदर्ता	५६७
मृत्युदर्ता	१२८
बसाईसराई दर्ता	१८७
विवाह दर्ता	२४७
सम्बन्धविच्छेद दर्ता	२

३३ **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार डिपिआर वापत आ व २०८१।८२ मा रू ९ लाख ६० हजार ६१३ खर्च भएको देखियो । कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्दि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत

समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	कार्यसंचालन/सम्पन्न भए नभएको
शिवनाथ लिफट खानेपानी	राघबी इन्जिनियरिंग	९,६०,६१३.०	४,१०,७२,९३६.०	यस आव २०८२/०८३ मा कार्यान्वियन हुने

३४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २६४२२५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३५ **सवारी साधन मर्मत खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्याकुलोडर, ट्याक्टर, स्कारपियो(जिप) र एम्बुलेन्स सवारी साधन मर्मतमा रू.१६५१२०१ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गर्नु पर्छ।

३६ **राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट शिक्षक तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। सो बमोजिम नेपाल सरकारले माध्यमिक तहसम्मका स्वीकृत दरबन्दीका शिक्षकको तलब भत्ता वापतको रकम अनुदान दिदै आएको छ। नगरपालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरबन्दी स्थायी र करार मार्फत पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत नगरपालिकाबाट निर्णय गराई बजेट विनियोजन गरी विद्यालयलाई तलब भत्ता शिर्षकमा अनुदान दिइएको देखिन्छ। पालिकाको स्वीकृत दरबन्दी बेगर पालिकाबाट तलब भत्ता खाने गरी पालिकाभित्रका २९ विद्यालयमा ८९ जना शिक्षक नियुक्ति गरी बार्षिक रु. २१४६४५३३खर्च लेखेको छ। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन नगरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

३७ **अन्य निकायलाइ सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार आफ्नो छुट्टै बजेट तथा अख्तियारी हुने कार्यालयलाइ यो वर्ष देहायअनुसारको रकम , अनुदान दिएको उपयुक्त देखिएन।

क्र.स	भौ.न /मिति	सहयोग गरेको निकाय	रकम
1.	३११।२०८२।३।२४	नेपाल रेडक्रस सोसाइटी	१०००००
2.	१२।२०८१।११।११	BOP कुस्मौतघाट सुल्लेखान प्रहरि चौकी	३३२००
3.	२२९।२०८२।३।१६	शिवनाथ स्काउट	१०००००
4.	१३।२०८१।११।११	सुल्लेखान प्रहरि चौकी	६८९०१
	जम्मा		३०२१०१

३८ विमा

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।दुर्घटना विमा संचालन कार्यविधि,२०८० को दफा ४ र ५ मा जनप्रतिनिधि , कर्मचारी तथा भारतमा काम गर्ने कामदारलाई पालिकाले ३ लाख देखि ५ लाख सम्मको दुर्घटना विमा गराउन सक्ने छ भन्ने व्यवस्था गरि ११८ जना कर्मचारी तथा पदाधिकारीको जीवन विमा वापत बार्षिक रु.६३६६८४ खर्च लेखेको छ। यसरी थप आर्थिक व्ययभार व्यहोर्ने उपयुक्त आयस्रोत र कानूनी आधार समेतलाई ध्यानमा राख्नु पर्दछ। पालिकाले यो वर्ष कार्यविधि बनाएको छ तर निश्चित कानुनीआधार नलिई तयार गरेको कार्यविधि कानुन सम्मत मान्न सकिएन रु.

अनियमित भएको	६,३६,६८४

३९ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ कोदफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तैसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औं संसोधन पश्चात १०लाख) को खरिद कार्य सोझै गर्नसकिने, रु.२०लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नेव्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । देहाय बमोजिम प्रतिस्पर्धात्मक विधि नअपनाइ खरिद गरेको उपयुक्त देखिएन।

क्र.स	भौ.न/मिति	आपुर्तिकर्ता	कामको विवरण	रकम
1.	२।२०८१।६।१७	एस.वि निर्माण सेवा	सडकको सरसफाइ	५४५७५१
2.	४।२०८१।७।७	अनिता इन्जियरिङ कन्सल्टेन्ट	सडकको सरसफाइ	४३३६१८
3.	६।२०८१।७।१२	उदयदेव बिल्डर्स प्रा.लि	सडकको सरसफाइ	३०९५४९
4.	२९५।२०८२।३।२४	जयवावा नागार्जुन निर्माण सेवा	चनकिला खेलमैदान निर्माण तथा सडक योजना	८५००७३
5.	२९७।२०८२।३।२४	एस.वि निर्माण सेवा	रत्याल खलिबटा स्वइरा सडक निर्माण योजना	९४९३५१
6.	३१४।२०८२।३।२४	उदयदेव विल्डर्स प्रालि	कुलाकोट बकुन्ना सडक निर्माण योजना	४६४६५६
7.	२९९।२०८२।३।२४	एम वि चन्द एण्ड सन्स निर्माण सेवा	पोखरेट्टीदेखि जन्तरखान सम्म सडक निर्माण	४७४३६८
जम्मा				४०२७३६६

४० म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई

कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ ।तर निर्माण व्यवसायीले भवनको साइटमा सामान ढुवानी समयमा गर्न नसकेको कारण भनी म्याद थपको लागी निवेदन दिएको देखिन्छ र सोही निवेदनलाइ आधार मानी म्याद थप भएको छ।यसरि कानुनी आधार वेगर म्याद थप गर्नु उपयुक्त देखिएन।

ठेक्काको विवरण	**लागत अनुमान**	**सम्झौता मिति**	**सम्झौतारकम**	**सम्पन्नगर्नुपर्ने मिति**	**हाल सम्मको भुक्तानी**	**म्याद थप अबधि**
शिवनाथ स्वास्थ्य चौकी भवन निर्माण	८४९९४१६	२०८१।१०।१३	५९७३८४५।१४	२०८२।३।१०	४९८४१७८	२०८२।७।३०

४१ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.८,००,०००।०० भुक्तानी गरेको अनियमित देखिएको रु.

क्र सं	कार्यक्रको /योजनाको नाम	**रकम**
१	मध्यकालिक खर्च संरचना निर्माण	५०००००
२	विद्युत महसुल	१०००००
३	शिवनाथ स्काउट	१०००००
४	नेपाल रेडक्रस सोसाइटी शिवनाथ उपशाखा	१०००००
	जम्मा	८०००००

अनियमित भएको	८,००,०००

४२ **अनुगमन नगरेको**

सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा न १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ ।

क्र.स	भौ.न/मिति	योजना	रकम	कैफियत
1.	५४।२०८१।१२।२१	कुस्मात सोरामाइ तटबन्ध निर्माण योजना	१४४०००	
2.	३२।२०८१।११।१९	जोशिवडावा न्यालो निर्माण	९३८९१	
3.	३५।२०८१।११।२१	तिल्पोरा भुक्ष्य नियन्त्रण योजना	८८०३५	
4.	६१।२०८१।१२।२७	मैर्याथान धर्मशाला निर्माण योजना	१९२०००	अनुगमन गरेको तर योजनाको अवस्था उल्लेख नगरेको
5.	९३।२०८२।१।१०	न्वाली पोखरी निर्माण	११९८४१	
6.	१५८।२०८२।२।३०	वडा कार्यालय घेराबार तथा सौचालय मर्मत	४२९२२५	
7.	९८।२०८२।१।१६	डोरम सिचाइ कुलो निर्माण योजना	२८६८९५	
8.	२४३।२०८२।३।१९	बगर सडक निर्माण योजना	७६०१०९	
9.	२५२।२०८२।३।१९	हट्टेकेचोर खानेपानी मर्मत योजना	७२०००	
10.	२५३।२०८२।३।३०	कतर कट्टे लिफ्ट खानेपानी मर्मत योजना	१४३१२८	

४३ **क्याम्पसलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ मा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । सो विपरित ग्राम प्रकाश वहुमुखि क्याम्पसलाई क्याम्पस सञ्चालन तथा व्यवस्थापन अनुदान रु.१०००००० दिएको छ। भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा पालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको रकम उपयुक्त देखिएन।

४४ **खरिद नभएको सामानको भुक्तानी**

सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले भौ.न. २८, २०८१।११।१३ मा बगजेवला पहिरो नियन्त्रण योजनाको इस्टिमेटमा **Geotextile** प्रयोग गर्ने भनिएकोमा **Geotextile** खरिद गरेको देखिएन तर **Geotextile** वापतको रकम भुक्तानी भएकोले **Geotextile (५२ sq feet)** वापतको रकम रु. ९१०० सम्बन्धितबाट असुल हुर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,१००

४५ **वन पैदावार**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रि वापत प्राप्त हुने रकमको दशप्रतिशत रकम सम्बन्धित गाउँपालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ। यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्ययोजना स्वीकृत नगरेको र बन पैदावारको बिक्रि बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाईएन। कार्ययोजना स्वीकृत गराउने र वन पैदावारको बिक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकाको राजस्व खातामा जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ

४६ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था

हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

1. स्थानीय तह मातहतमा रहेक ३४ विद्यालयहरुमा १७४ शिक्षक दरवन्दी रहेकोमा १७३ पदपुर्ती भएको र पदपुर्ति मध्ये ११९ राहत, करार तथा निजी स्रोतको शिक्षक देखिन्छ। साथै वालविकास शिक्षक २९ जना रहेको देखिन्छ। तसर्थ दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती गर्ने तर्फ ध्यान दिनुपर्छ।

2. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस वर्ष पालिकाले ३४ विद्यालयलाई कुल १० करोड ३३ लाख ९ हजार निकाशा दिएको छ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी विवरण				पदपुर्ती विवरण				बाल विकास	विद्यार्थी संख्या
		स्थायी	राहत	करार	नीजि स्रोत	स्थायी	राहत	करार	नीजि स्रोत		
१	श्री नागार्जुन मा.वि., शर्माली	१३	२	८	५	१३	२	८	५	१	८७२
२	श्री पिपलकोट मा.वि., लोजनी	४	८	०	१	३	८	०	१	१	३०१
३	श्री हिरापुर मा.वि., बसेडी	३	३	०	४	३	३	०	४	१	२१६
४	श्री शारदा मा.वि. कुंड मटेला,	४	३	०	१	४	३	०	१	१	३६६
५	श्री चन्द्रदेवल मा.वि., स्वलपला,	३	२	०	४	३	२	०	४	१	३१३
६	श्री उदय मा.वि., कफाडी	३	०	०	५	३	०	०	५	१	२४०
७	श्री श्रीपुर मा.वि. पुडिल बछला,	४	१	०	४	४	१	०	४	१	४१२
८	श्री भगवती आ.वि., तेर्छाबाटा	१	०	१	५	१	०	१	५	१	२३६
९	श्री जिम्मेश्वर आ.वि., बसेडी	२	०	१	४	२	०	१	४	१	२४०
१०	श्री कृष्ण आ.वि., कानली	३	१	०	३	३	१	०	३	१	११३
११	श्री नागार्जुन आ.वि., कुंड	०	२	०	५	०	२	०	५	१	२२०
१२	श्री शिवपुर्ण मा.वि., लामाखाली	२	२	०	५	२	२	०	५	२	२५०
१३	श्री युवावर्ष आ.वि., बस्कोटी	२	१	१	४	२	१	१	४	१	३२३
१४	श्री केदारनाथ आ.वि., पौँखर	१	०	१	१	१	०	१	१	१	१४५
१५	श्री भवानीपुर आ.वि., कोपरे	२	०	०	१	२	०	०	१	१	४१
१६	श्री भुमिराज आ.वि., फट्केढुङ्गा	०	२	०	२	०	२	०	२	१	१८९
१७	श्री गंगेश्वर आ.वि., मकैल	३	०	०	०	३	०	०	०	१	८४
१८	श्री गर्भेश्वर आ.वि., पोखरेटी	०	२	०	१	०	२	०	१	१	४०
१९	श्री कैलपाल आ.वि., खकलाई	२	०	०	१	२	०	०	१	१	९६
२०	श्री केदारनाथ आ.वि., सकरा	०	२	०	१	०	२	०	१	१	४२
२१	श्री खम्पाल आ.वि., बगार	०	१	०	२	०	१	०	२	१	३३
२२	श्री नवदर्गा आ.वि., कुङ्गेफाटा	०	२	०	१	०	२	०	१	१	९७
२३	श्री निर्पालदेव आ.वि., पोखरा	१	१	०	२	१	१	०	२	१	१६९
२४	श्री सरस्वती आ.वि., बोडब्या	१	०	०	२	१	०	०	२	१	१०५
२५	श्री शंकरपुर आ.वि., दन्नी	०	०	१	२	०	०	१	२	१	५९
२६	श्री शिद्धनाथ आ.वि. खालखोपरे	०	२	०	१	०	२	०	१	१	४५
२७	श्री नुवाकोट आ.वि., विनपते	१	०	०	१	१	०	०	१	१	२९
२८	श्री लाटेश्वर आ.वि., लिखाडी	०	०	०	१	०	०	०	१	१	३९
२९	श्री भर्राभवानी आ.वि., बण्ड	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									१३८

३०	श्री त्रीवेणी आ.वि., तुडी	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									४९
३१	श्री राजपुर आ.वि., साउगडा	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									६३
३२	श्री सरस्वती आ.वि., दुबला	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									४६
३३	श्री महाकाली आ.वि., कस्मौत	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									८७
३४	श्री शारदा आ.वि., कुलाकोट	एकमुष्ठ अनुदानमा संचालित विद्यालय									५२
जम्मा		५५	३७	१३	६९	५४	३७	१३	६९	२९	५७५०

४७ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। साथै विद्यार्थी व्यवस्थापन सूचना प्रणालीमा सत्यापन नगराई निकासा गरेकोमा लेखापरीक्षणको क्रममा एकिन गर्न नसकिएको हुदाँ सो प्रणालीसँग सत्यापन गराई बढी निकासा भएको रकम एकिन गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

४८ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ । सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०८१।८२ मा पालिकाका ३४ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षणको लागि भौ.न. २१३,२०८२।०३।०६ बाट रु.३,८५,००० निकासा गरी खर्च लेखेकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक वर्ष २०८१।८२ को विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश भएको देखिदैन । तसर्थ अनुदानको सही सदुपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

४९ **दिवा खाजा कार्यक्रम**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ । पालिकाले मातहतका ३४ विद्यालयलाई भौ.न. ५०, ११०, २१४ र ३५१ बाट रु ८३,८५,१८० निकाशा दिएकोमा नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन । पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार बनाउनुपर्दछ।

५० **विद्यालयको शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरणएवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईकालागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ । विद्यालयले उक्त सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरुपुरा गरी सामाग्री खरिद गर्ने र विल, भरपाई, प्रमाणहरु सम्बन्धीत स्थानीय तहमा पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले शिक्षा समितिको निर्णय वमोजिम छनोट भएको भगवती आधारभुत विद्यालय तेर्छाबाटालाई भौ.न. ३५८, २०८२।०३।२२ बाट ICT ल्याव सहितको पुस्तकालय निर्माणका लागि रु. ६,५०,००० निकासा दिएकोमा त्यस सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखिएका छनः

क) अनुगमन नभएकोः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरेनगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

ख) प्रतिवेदन पेश नभएकोः विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

५१ विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५०. को २.२ मा शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान प्रत्येक सामुदायिक विद्यालयले बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी संख्या EMIS बाट प्राप्त प्रतिवेदनबाट प्राप्त गरी उल्लेखित दरका आधारमा आवश्यक पर्ने रकम यकिन गरी स्थानीय तहमा माग गर्ने। विद्यालयबाट माग भएको रकम तथा तथ्याङ्क सत्यापन रुजु गरी यकिन विद्यार्थी सङ्ख्या आधारमा उल्लेखित शीर्षक र इकाइ लागत अनुसार रकम हिसाव गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था छ। विद्यालय व्यवस्थापन समितिले प्राप्त अनुदान रकमको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वियन कार्यविधिमा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्दा सघन कार्यक्रम कार्यान्वयनका लागि तोकिएका स्थानीय तहमार्फत विद्यालयका लागि निर्धारण गरिएका विनियोजित रकम अपुग भएमा सो विषयसमेतलाई आधार मानी विद्यालयले आवश्यकताको प्राथमिकीकरण गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्न विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढाई सीपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने, प्रविधिमैत्री वैकल्पिक सिकाइका लागि डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग) गर्ने, आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (इन्टरनेट र विद्युत जडान र महसुल, डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग गर्ने, विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर लगायत विद्यालयको सामान्य खालका मर्मत सम्भार आदि) गर्न सक्ने व्यवस्था छ। पालिकाले भौ.न.३६५, २०८२।०२।०६ बाट प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई रु. १७,७६,८०० अनुदान निकासा गरेकोमा उल्लेखित क्षेत्रमा अनुदान उपयोग गर्ने गरी स्थानीय तहले विद्यालयलाई कार्यान्वियन गर्न लगाउनुका साथै सोको सुनिश्चितता गर्नुपर्दछ।

५२ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय

तहले विभिन्न फर्महरुवाट रु. २४,६०,२६० को औषधी ईविडिङ र कोटेशन द्धारा खरिद गरेको छ। विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वियन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो भौ न ।मिति	आपूर्तिकर्ताको नाम	खरिद विधि	रकम
३४५,२०८२।०३।१९	सहारा मेडिसिन डेष्ट्रिव्युर्टस	कोटेशन	९८८५४३
३६०,२०८१।१२।२१	मेगा मेडिसिन सप्लायर्स	सिलवन्दी	१४७१७१७
जम्मा			२४६०२६०

औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५३ इन्टरनेट जडान अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१०. को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने आधारभुत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालय वार्षिक रु १२ हजार आधारभुत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. १५ हजार र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. २० हजारका दरले उपलब्ध गराउने र उक्त रकम इन्टरनेट जडान गर्ने, जडित इन्टरनेट शुल्क भुक्तानी गर्न खर्च गर्ने उल्लेख छ । स्थानीय तहले विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने र इन्टरनेट प्रयोग गरेका विद्यालयको विवरण IEMIS मा अनिवार्य अध्यावधिक गर्न लगाउने व्यवस्था छ । पालिकाले भौ नं २९३,२०८२।०२।०६ बाट ३४ वटा विद्यालयलाई इन्टरनेट जडान वापतको शुल्क भुक्तानी गर्न रु. ४,९२,००० रकम अनुदान उपलव्ध गराएकोमा देहायका विद्यालयहरुमा जडान भएको प्रमाण पेश नभएकोले इन्टरनेट जडान भए नभएको एकिन गर्न सकिएन । तसर्थ सम्वन्धित विद्यालयवाट इन्टरनेट जडान गरेको प्रमाण पालिकामा पेश गरी अनुदानको रकम सहि सदुपयोग भएको सुनिश्चित गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

५४ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकामा यस वर्ष प्रसुति संख्या ४४२ मात्र रहेको अभिलेखबाट देखिन्छ। पालिकामा गत वर्षको मौज्दात २२० थान मौज्यात रहेकोमा यस वर्ष ५७० थान वितरण गरी ३०० थान मौज्यातमा रहेको देखिन्छ । पालिकाले यस वर्ष पनि भौ.न. १३८,२०८१।११।१२ र ३३८,२०८२।०३।१८ मा भागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्सबाट रु. ६६३५९२मा ७५० थान न्यानो झोला खरिद गरेको देखिन्छ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५५ पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता परामर्शदाता, सेवा प्रदायक वा व्यवसायीको ढिलाईको कारण सम्झौता बमोजिमको कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौतामा १० प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षनिपुर्ति लगाउनुपर्ने व्यवस्था छ। पालिकामा यो वर्ष

सुल्लेखान शर्माली नगरौघाट सडक ठेक्का भई बोगटी एण्ड ब्रदर्श सँग रु ५१०९२००।५० मा मिति २०८२।०३।१० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। लेखापरीक्षण अवधीसम्म उक्त निर्माण व्यवसायीले म्याद थपका लागि कुनै निवेदन पेश नगरेको र म्याद थप समेत भएको देखिदैन। पालिकाले सशर्त पूजिगतको भौ. न . ९ र १४ बाट रु. १७,६१,५०८ र पालिका पूजिगतको भौ.न . १०० र ३२३ बाट रु. १७८४९५१ गरी जम्मा रकम रु. ३५,४६४५९ रकम प्रथम रनिङ बिल वापत भुक्तानी भएको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँगको सम्झौताको सर्त वमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

५६ अनुदान

सरकारीअनुदानरकमकोवितरण,

सदुपयोगसहीएवंसमुचिततरिकालेगरीखर्चकोसार्वजनिकिरणएवंअनुगमनहुनुपर्दछरसोकोप्रभावकारीतामापनगर्नेसंयन्त्रविकासगरीउत्पादनतथ साथैअनुदानमाविउवितरणगर्दाजग्गाकोस्वामीत्वहेरीमात्रवितरणगर्नुपर्दछ।यसवर्षसंचालितकेहीकार्यक्रमहरुदेहायअनुसारछन।

भौनं	विवरण	रकम
२८०,२०८२।०३।०८	सुनौलो १००० दिनका विपन्न महिलाको पोषण सुधारका लागि आर्यआर्जन अनुदान वाख्रापालन लगायतका लागि	७०००००
६३७,२०८२।०३।१०	५० प्रतिशत अनुदानमा वाख्रा कुखुरा र वंगुरपालन अनुदान	३६००००
जम्मा		**१०६००००**

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

· अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

· वाख्रापालन कार्यक्रम, बंगुरपालन कार्यक्रम माछापालन कार्यक्रममा नगद नै प्रति व्यक्ति २५,००० वितरण भएकोमा अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न सकिएन ।

५७ पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा व्यवसायीको ढिलाईको कारण सम्झौता बमोजिमको कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौतामा १० प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। पालिकामा खुलपुर खेलमैदान निर्माणका लागि अनिता कन्स्ट्रक्सनसँग रकम रु २०४४४७५ मा मिति २०८२/०३/१० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कार्यसम्पन्न भए पश्चात् नापी अनुसार रु. १९,४९,५३८ भुक्तानी दिएको देखियो । सो अनुसार उक्त निर्माण कार्य २०८२/०३/२० मा मात्र सम्पन्न भएको देखियो । सम्झौता अनुसार १० दिन ढिला गरी सम्पन्न भएकोमा म्याद थप भएको नदेखिएकोले नियमानुसार १० दिनको पूर्व निर्धारित क्षतिपूर्ति वापत रु १०२२२।०० असुल हुनुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१०,२२२

५८ आय ठेक्का ढिला दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०८१।८२ मा पालिकाभित्रको महाकाली नदि आसपास क्षेत्र (नागार्जुन घाट) मा बालुवा संकलनका लागि मिति २०८१।०५।२६ मा रु. ८१५००० (मुल्य अभिवृद्धि कर वाहेक) र भ्याट रकम वैशाख मसान्त सम्म बुझाउनुपर्ने गरीा भिम सिह धनाडीसँग सम्झौता भएको देखिन्छ। सम्झौताको बुदा न. १३ मा ५० प्रतिशत रकम सम्झौता हुने दिन, ३० प्रतिशत रकम पौष मसान्त र २० प्रतिशत रकम वैशाख मसान्तभित्र अनिर्वाय दाखिला गर्नुपर्ने र यस सम्झौतामा उल्लेखित

शर्तहरु यसै वमोजिम र अन्य शर्तहरु प्रचलित कानुन वमोजिम हुने भनि उल्लेख गरेको छ। सम्झौता वमोजिम पहिलो किस्ता वापत मिति २०८१।०६।१४ मा रु ४,०७,५०१ रकम राजस्व दाखिला गरेकोमा दोस्रो र अन्तिम किस्ता वापत रु. ४,०७,५०१ असुल गर्न वाकी रहेकोले मुल्य अभिवृद्धि कर रु. १०५९५० समेत रु. ५१३४५० र १० प्रतिशत जरिवाना रु. ५१३४५ गरि जम्मा रु. ५६४७९५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,६४,७९५

५९ तारउतार ठेक्का

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। पालिकाले महाकाली नदि आसपास क्षेत्रमा (नागार्जुन घाट) तारउतार आय ठेक्का उदय सिह साउदसँग मिति २०८१।०४।२५ मा रु. ५७५००० (मुल्य अभिवृद्धि कर वाहेक) रकममा सम्झौता भएको देखिन्छ। सम्झौताको बुदा न. ८ मा ५० प्रतिशत रकम सम्झौता हुने दिन, ३० प्रतिशत रकम पौष मसान्त र २० प्रतिशत रकम वैशाख मसान्तभित्र अनिर्वाय दाखिला गर्नुपर्ने र बुदा न. ९ मा यस सम्झौतामा उल्लेखित शर्तहरु यसै वमोजिम र अन्य शर्तहरु प्रचलित कानुन वमोजिम हुने भनि उल्लेख गरेको छ। पहिलो किस्ता वापत रु ३८४००० मात्र राजस्व दाखिला गरेकोले असुल गर्न वाकी रु. १९१००० रकम र मुल्य अभिवृद्धि कर रु. ७४७५० समेत रु. २६५७५० र १० प्रतिशत जरिवाना रु. २६५७५ गरी कुल रकम रु. २९२३२५ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,९२,३२५

६० बिल भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ।लागत अनुमान रु ६८३०८३०।६१ रहेको ५ नं वडा कार्यालय भवन निर्माणको कार्य जयबाबा नागार्जुन निर्माण सेवा सँग रु ४३४९६९८।३ मा ठेक्का सम्झौता गरी भौ.न. २८२,२०८२।०३।२३ बाट रनिङ्ग बिल मार्फत रु ३२६३४४६ भुक्तानी भएकोमा बिल भर्पाई रु ३२५२९२९।४५ मात्रको पेश भएकोले बढी भुक्तानी भएको रकम रु. १०५१६ र बिमा गरे वापत रु २९५३९ भुक्तानी भएकोमा विमा अवधि १ दिनको मात्र रहेको देखिन्छ। यसरी भुक्तानी लिने प्रयोजनको लागि मात्र विमा गरिएकोले उक्त रकम असुल हुनुपर्ने रु २९५४० समेत जम्मा रु. ४००५६ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४०,०५६

६१ नर्म्सभन्दा बढी भुक्तानी (५०३-2082-02-14):

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को क्रियाकलाप नं. ७.१.१५ तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, सञ्चालन सम्बन्धी खर्चको मापदण्ड रहेको छ । यस पालिकाले निम्नानुसारको भुक्तानीमा सो निर्देशिकाले व्यवस्था गरेको नर्म्सभन्दा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.

क्र. सं.	कार्य विवरण	भुक्तानी पाउनेको नाम	सेसन संख्या	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भुक्तानी भएको रकम(कर कट्टी पछिको)
१	प्रशिक्षण भत्ता	कविन्द्र प्रसाद जोशी	११	१५००	३५००	१८७००
२		पुष्कर‍राम कोली	१२	१५००	३५००	२०४००
३		दिपेन्द्र बहादुर चन्द	९	१५००	३५००	१५३००
		जम्मा				**५४४००**

असुल गर्नुपर्ने	५४,४००

६२ पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएकोव्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी श्री के एस मृत जेभी जे भीलाई १० सैयाको अस्पताल भवन निर्माणको लागि २०७८।०१।१५ मा दिएको पेश्की मध्ये रु. ६१०००००।०० आर्थिक वर्षको अन्त्यसम्म फस्यौट हुन बाँकी देखिएको छ। समयमै पेश्की फस्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६३ उपभोक्ता सम्बन्धी कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको सार्वजनिक निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कामको प्रकृति र परिणाम अन्य आवश्यक कुराहरुलाई सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्ने वा उपभोक्ताले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । यसरी निवेदन वा प्रस्ताव प्राप्त भएपछि समितिसँग छलफल वार्ता वा निर्माण स्थलको स्थलगत भ्रमण गरी निर्माण कार्यको प्रकृति, उपभोक्ताले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत संभारको सुनिश्चिचता समेत विचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । तसर्थ विधिवत सम्झौता भै सकेपछि संचालनको निर्माण कार्यको मुल्यांकन बिल भरपाई लगायतका कागजातहरु समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने भएकोले समितिको कार्य व्यवस्था र काम कर्तव्य र अधिकारको लागि विधिवत रुपमा दर्ता भई पारदर्शी रुपले कार्य गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले यो वर्ष विभिन्न १५२ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.२६३०२८३८।००भुक्तानी दिएको छ । उपरोक्त कानुनी व्यवस्था अनुसार उपभोक्ताबाट काम गराउन सार्वजनिक सुचना र प्रस्ताव आह्वान नगरेको, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने अशं समेत खुलाएर प्रस्ताव पनि पेश नभएको र विधिवत रुपमा दर्ता नभएका संस्थासँग पटके रुपमा सम्झौता गरी निर्माण कार्य गराएको देखियो ।

६४ १० सैया अस्पताल भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता अनुसार कार्यातालिकाको अनुशरण र गुणस्तरको पालनाको सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायले आवश्यक अनुगमन तथा नियमित सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ।तर पालिका अन्तर्गत सञ्चालिन एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको १० सैया अस्पताल भवन निर्माणको लागि मिति २०७८।०१।१५ मा के एस मृत जेभी सँग मिति २०८१।१।२० मा कार्य सम्पन्न गर्ने गरीरु.७०३७४२४९।०० को सम्झौता भएकोमा हालसम्म रू.४५९६४६०४।०० अर्थात ६५ प्रतिशत रकम भुक्तानी भएको छ। मन्त्रालयवाट वजेट व्यवस्था नभएको भनी यो आर्थिक वर्षमा मात्र काम भएको पालिकाले जनाएको छ ।मिति २०८२। ७।३० सम्म म्याद थप भएको छ ।सो म्याद थप अवधिमा कार्यातालिका अनुसार निर्माण कार्य सम्पन्न गराउन पालिकाले सुपरिवेक्षण गर्नुपर्दछ।

६५ कर कट्टी नभएको

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ बढी भूक्तानी

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **११,०४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। अनिता कन्सट्रकसनलाइ बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.

क्र. सं.	भौ.नं./मिति	भुक्तानीको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी भएको रकम	कैफियत
१	३/०८१।११।१८	सडक बोर्ड समपूरक	अनिता कन्स्ट्रक्शन	०	३७००५	३७००५	PS आइटमको विल भर्पाई बेगर रकम भुक्तानी
४			**जम्मा**			३७००५	

असुल गर्नुपर्ने	३७,००५

६८ **सूचना प्रकाशनमा छुट नलिएको**

गोरखापत्र संस्थानले मिति २०७०।४।२३ मा संथानका प्रकाशनहरुबाट प्रकाशित हुने सूचना तथा विज्ञापनहरुमा सरकारीको हकमा२५ प्रतिशत छुट दिने गरेको र अन्य पत्रिकाहरुले समेत २५ प्रतिशत तथा सोभन्दा बढी नै छुट दिने गरेको देखिन्छ । पालिकाले प्रकाशन गरेका निम्नानुसारका सूचना तथाविज्ञापनहरुमा सो अनुसार छुट नलिएको र छुट नै नलिई भुक्तानी गरेको देखिएकोले पालिकालाई बढि व्ययभार परेको नियमसम्मत देखिएन । यसरी सूचना तथा विज्ञापन प्रकाशनमा छुट नलिई भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु.

भौ.नं./मिति	सूचनको/विज्ञापनको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	छुट लिनुपर्ने रकम	छुट लिएको रकम	घटी छुट लिएको रकम
४२९/०८२।१।१०	विभिन्न ठेक्काहरुको सूचना प्रकाशन	ग्वालेक मिडिया ग्रुप प्रा.लि.	२२३७९५	४८६५०	२९१९०	१९४६०
४८८/०८२।२।८	विभिन्न सूचना प्रकाशन	झिल्को मिडिया एण्ड कन्सल्टेन्सी सर्भिस	२००००	४०००	०	४०००
		जम्मा				**२३४६०**

अनियमित भएको	२३,४४०

६९ **अनिवार्य अवकाश भैसकेकोलाई अवकाश पछि तलब भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। यस पालिकाले वडा नं २ मा कार्यरत कार्यालय सहयोगी जयराम सिंह साउद मिति २०८०।०९।०३ गते अनिवार्य अवकास भइसकेकोमा २०८२।०२।३० गतेसम्मको तलब, भत्ता, चाडपर्व खर्च र पोशाक खर्च समेत गरी रु. ६,३७,६०२।५३ भुक्तानी गरेको देखिएकोले अवकाश मिति पछि भुक्तानी गर्न निमल्नेमा भुक्तानी भएकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रू.

असुल गर्नुपर्ने	६,३७,६०३

७० **बितरणमूखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नमुनाको रुपमा केही कार्यक्रमको परीक्षण गर्दा यस पालिकाले यो वर्ष निम्नानुसारको वितरणमूखी कार्यक्रममा खर्च गरेको छ । यस प्रकारका वितरणमुखी कार्यक्रम खर्चहरु आवश्यकता तथा औचित्यको आधारमा मात्र कार्यक्रम गरी पालिकाले खर्चमा नियन्त्रण तथा मितव्ययिता कायम गर्नुपर्दछ ।

भौ.नं./मिति	भुक्तानीको विवरण	भुक्तानी रकम	कैफियत
२१५/०८१।११।१२	स्थानीय कला भाषा संस्कृति प्रबर्द्धन	२९७०००	
२५२/०८१।११।१९	युवा खेलकुद कार्यक्रम	५००००	
२७७/०८१।११।२२		३००००	
३३२/०८१।१२।१४	युवा खेलकुद कार्यक्रम	५००००	
३८४/०८१।१२।२२	युवा खेलकुद कार्यक्रम	२४००००	
४५२/०८२।१।१७	युवा खेलकुद कार्यक्रम	२५२०२७	
४५३/०८२।१।१७	युवा खेलकुद कार्यक्रम	३१९५६४	
५१३/०८२।२।१८	युवा खेलकुद कार्यक्रम	९३९५०	
५४१/०८२।२।२०	सम्मान कार्यक्रम	३४५०००	७५०० का दरले ४६ जनालाई
५६५/०८२।२।२३	युवा खेलकुद कार्यक्रम	९००००	
		१७६७५४१	

७१ **पशु उपचार दर्ता शुल्क**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(६) मा कार्यालयमा नगद वा बैङ्क भौचरको रूपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रूपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनुपर्नेछ भन्ने उल्लेख रहेको छ । यस पालिकाले आन्तरिक, बाह्य परजिवी विरूद्ध लगायत अन्य औषधीहरु खरिद कार्यक्रमका लागि पशु उपचार अनुसार विभिन्न दर्ता शुल्क दर अनुसार दर्ता शुल्क लिने गरेकोमा रसिद प्रयोग भएको देखिएन । भौ.नं. ८२२/०८२।३।३१ मा दर्ता शुल्क एकमुष्ठ रु ८०००/- दाखिला भएको देखियो । रसिद प्रयोग नभएकोले सो दर्ता शुल्क कति दाखिला हुनुपर्ने तथा दाखिला भएको रकम यथार्थमा दाखिला हुनुपर्ने रकम भए नभएको यकिन गर्न सकिएन । नियमानुसार रसिद प्रयोग गरी दर्ता शुल्कको रूपमा उठ्ने राजस्व व्यवस्थित गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : शिवनाथ गाउँपालिका, बैतडी , शिवनाथ गाउँपालिका , बैतडी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नरेन्द्र सिंह महता	२०८०-१-३	हाल सम्म कार्यरत
लेखा प्रमुख	देव राज सापकोटा	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६६६,८०५	१,४६०,१२४	०	०	०	१००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३,२२६,९२९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२१,२९९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३,२०५,६३०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९६१९७८९.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२०९७२५५५५.८७	चालु खर्च	२४१४३३०२०.४३
प्रदेश सरकारबाट अनुदान	२०८७५६३९	पूँजीगत खर्च	६८९६४८६६
राजश्व बाँडफाँट	७२१८७८११	वित्तीय/अन्य व्यवस्था	१४३७१४९९६.९७
आन्तरिक आय	६२९८९९९.०		
अन्य आय	१४६०४९५२८		
कुल आय	४५५१३७५३२.८७	कुल खर्च	४५४११२८८३.४०
बाँकी मौज्दात		२०६४४४३९.४२	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।